नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- ९५

मिति :- वि.सं. २०८२/०५/०१

ने.स. :- ११४५ गुँलागा, ९ आइतवार

विषयः सूचना

नेपाल क्रिकेट संघ (CAN) ले मिति २०८१।०८।१५ देखि मिति २०८१।०९।०६ सम्म आयोजना गरेको नेपाल प्रिमियर लिग (NPL) का खेलहरुका सम्बन्धमा ट्वान्टी फर्स्ट सेन्चुरी मिडिया नामक विदेशी कम्पनी मार्फत स्टार स्पोर्टस च्यानलबाट विज्ञापन सहित प्रसारण गरेको, जुवा खेल्ने खेलाउने साइट (1XBAT, wolf-777, Dafa news) लगायतका विज्ञापनहरु खेलाडीका टि-सर्ट, ग्राउण्डमा राखिएको र खेलमा बेटीङ्ग समेत गरिएको भनी यस बोर्डमा प्राप्त उजुरी उपर अनुसन्धान गरी देहाय बमोजिम कारबाही गर्ने गरी विज्ञापन बोर्डको मिति २०८२।४।२१ र २९ को बोर्ड बैठकबाट निर्णय भएकोले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ११ख (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल क्रिकेट संघ (CAN) को हकमा**

नेपाल क्रिकेट संघले बोर्डका विभिन्न मितिका पत्रको जवाफ पेश नगरेको र च.नं. २९ मिति २०८२/०४/२६ गतेको पत्रमा कार्य व्यस्तताको कारण पत्रहरुको जवाफ पेश गर्न नसकिएको भन्दै पेश गरेको जवाफ चित्त बुझ्दो नभएकोले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ ट तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को दफा ११ख (१) बमोजिम बोर्डको निर्देशनलाई बेवास्ता गरेमा भविष्यमा विज्ञापन गर्न गराउनबाट रोक्का राख्ने, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ एवं अन्य प्रचलित ऐन तथा नियम विपरीत विज्ञापन नगर्न सचेत गराइएको ।

**ब्राण्ड डिजिटल लजिक प्रा.लि.र टि.सि.एम. स्पोर्टस एण्ड मार्केटिङ प्रा. लि. का सम्बन्धमा**

ब्राण्ड डिजिटल लजिक प्रा. लि, ललितपुर र टि.सि.एम. स्पोर्टस एण्ड मार्केटिङ प्रा. लि., टंगाल, काठमाण्डौले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ र ऐ. नियमावलीको नियम ११ बमोजिम बोर्डमा सूचीकृत नभई विज्ञापन कारोबारमा संलग्न रहेको तथा प्रचलित कानून विपरितका विज्ञापन प्रर्दशन गरेकोले दुवै एजेन्सीलाई दश/दश हजार रुपैया जरिवाना गर्ने, ३ (तीन) महिनासम्म विज्ञापन वा सुचना दिन वा लिन वा विज्ञापन वा सुचना प्रकाशन वा प्रसारणसम्बन्धी कार्य गर्न रोक लगाउने र उक्त अवधिसम्म उक्त एजेन्सीलाई बोर्डमा सुचीकरण समेत नगर्ने निर्णय गरेको छ । बोर्ड बैठकबाट उपरोक्त बमोजिम कारवाहीको निर्णय भएकोले २०८२/०७/२० गतेसम्म ब्राण्ड डिजिटल लजिक प्रा. लि., ललितपुर र टि.सि.एम. स्पोर्टस एण्ड मार्केटिङ्ग प्रा. लि. टंगाल, काठमाडौंसँग कुनै पनि प्रकारको विज्ञापन कारोवार नगर्न नगराउनु हुन सबै विज्ञापनदाता तथा सञ्चारमाध्यमलाई अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))

प्रमुख प्रशासकीय अधिकृत

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/